"स्वच्छ, सफा, समृद्ध, सुन्दर – महालक्ष्मी नगर"
"Clean, Green, Prosperous, Full of Beauty- Mahalaxmi Municipality"

# महालक्ष्मी नगरपालिका
## Mahalaxmi Municipality
नगर कार्यपालिकाको कार्यालय
Office of the Municipal Executive
ललितपुर
Lalitpur
३ नं. प्रदेश, नेपाल
Province 3, Nepal

मिति :२०७७/०३/२३

महालक्ष्मी नगरबासीलाई नगर प्रमुख रामेश्वर श्रेष्ठको अपिल

# नआत्तिऔं, सजक बनौं

आदरणिय महालक्ष्मी नगरबासी दिदी बहिनी तथा दाजुभाइहरु

महालक्ष्मी नगरपालिका र नगरबासी दिदी बहिनी तथा दाजुभाइहरुको सामूहिक प्रयासबाट कोरोना संक्रमण देशभर फैलँदा पनि नगर क्षेत्र सुरक्षित राख्न सकिएकोबारे हामी जानकार छौं ।

नगरपालिकाले अधिकतम सजगता, सतर्कता र लकडाउन पालनामा कठोरपन अपनाउँदा अपनाउँदै पनि पछिल्लो एक साताामा नगर क्षेत्रमा ८ जनामा संक्रमण पुष्टि भएको छ । अथक प्रयास हुँदा हुँदै पनि संक्रमित भेटिँदा नगरपालिका चिन्तित भएको छ ।

हालसम्म भेटिएका संक्रमितहरु विदेशबाट फर्किएका र अस्पतालमा काम गर्ने स्वास्थ्यकर्मीमात्र रहेकाले समूदायमा फैलिएको अवस्था छैन । तर, संक्रमणलाई निर्मूल बनाउन तपाईं हाम्रो सजगता थप आवश्यक रहेको मैले महसुस गरेको छु । हाम्रो थोरै र सचेत प्रयास भए समूदायमा फैलनबाट जोगाउन सम्भव छ । संक्रमणलाई रोक्न नगरपालिकाले गर्नुपर्ने सबैखालका प्रयास र पहल गरिरहेको छ ।

नगरभित्र सुरक्षित आवासगृह/क्वारेन्टाइन निर्माण गरिएको छ । कोरोना पोजेटिभ देखिएकाहरुलाई तुरुन्तै आइसोलेसनमा राख्ने व्यवस्था मिलाइएको छ । संक्रमितको घर परिवारलाई सुरक्षित राख्ने, कन्ट्याक्ट ट्रेसिङलाई शीघ्र सुरु गर्ने, सरकारको नियमअनुसार पीसीआर परीक्षणको व्यवस्था मिलाएका छौं । जनचेतना फैलाउनका लागि पनि नगरपालिका र वडा कार्यालयमार्फत हरसम्भव प्रयासहरु भइरहेका छन् ।

फोनः ०१-५२०३५९२, ०१-५२०१६३३, ०१-५२०१७३३
Email: info@mahalaxmimun.gov.np, mahalaxmimun@gmail.com, Web: http://mahalaxmimun.gov.np

"स्वच्छ, सफा, समृद्ध, सुन्दर - महालक्ष्मी नगर"
"Clean, Green, Prosperous, Full of Beauty- Mahalaxmi Municipality"

# महालक्ष्मी नगरपालिका
## Mahalaxmi Municipality
### नगर कार्यपालिकाको कार्यालय
### Office of the Municipal Executive

Lalitpur
३ नं. प्रदेश, नेपाल
Province 3-, Nepal

कोरोना संक्रमण फैलन सुरु भएदेखिको पछिल्लो ६ महिना हामी बच्न सफल भयौं । विज्ञहरुका अनुसार नेपालमा अझै कम्तिमा २ महिना थप सतर्कता आवश्यक देखिएको छ । तसर्थ, अवका दुई महिना हामी सेल्फ लकडाउनमा बसिदिनहुन म विनम्र अनुरोध गर्दछु । साथै, अत्यावश्यक कामबाहेक घरमै बस्ने, निस्कनै पर्ने अवस्था आए सही तरिकाले मास्क लगाउने, व्यक्तिगत दूरी कायम गर्ने, भीडभाडमा नजाने, कार्यस्थललाई संक्रमणरहीत बनाउने, नियमित हात धुने वा स्यानिटाइजर प्रयोग गर्ने, घरमा आउँदा बाहिर लगाएका कपडा बाहिरै राखेर नुहाएरमात्रै घर प्रवेश गर्न अपिल गर्दछु ।

नेपालको संक्रमण दर केही दिनयता क्रमशः घट्दै गएको छ । अतः नगरबासी दिदी बहिनी तथा दाजुभाइहरुलाई नआत्तिन, सजक रहन र कुनै पनि सूचना र सहयोग आवश्यक भए वडा कार्यालयमा सम्पर्क गर्न अनुरोध गर्दछु ।

धन्यवाद ।

रामेश्वर श्रेष्ठ
नगर प्रमुख

फोनः ०१-५२०३५९२, ०१-५२०१६३३, ०१-५२०१७३३
Email: info@mahalaxmimun.gov.np, mahalaxmimun@gmail.com, Web: http://mahalaxmimun.gov.np